अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

मेल्लेख गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०५ संख्या ४ मिति: २०८०/११/१२

## भाग-२

## मेल्लेख गाउँपालिका

# खेलकुद विकास समिति गठन तथा कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०८०

**प्रस्तावनाः-**

खेलकुदको माध्यामबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखि सभ्य समाजको निर्माण गर्न, स्वस्थ प्रतिष्पर्धाको भावना जागृत गर्न, परिश्रम र परिवर्तन प्रति सकारात्मक रहि स्वस्थ एवं राष्ट्रिय तथा अन्रराष्ट्रिय स्तरमा खेलाडीहरु उत्पादन गर्ने कार्यलाई बढावा दिई खेलकुद क्षेत्रको विकास गर्न, विभिन्न तालिम तथा खेलकुद सम्बन्धि सबै किसिमका प्रतियोगिताहरु सञ्चालन गर्न, स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्रराष्ट्रिय स्तरका प्रतियोगिता मेल्लेख गाउपालिकामा सञ्चालन गर्न एवं गाउँपालिका क्षेत्रभित्र रहेका खेलकुदसंग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन र नियमनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ ले दिएको अधिकार प्रयोग गरी **"मेल्लेख गाउँपालिका खेलकुद विकास समिति गठन तथा कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०८०"** तयार गरिएको छ ।

## पच्छिेद-१

## नाम र परिभाषाः

**१.संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम **"मेल्लेख गाउँपालिका खेलकुद विकास समिति गठन तथा कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०८०"** रहेकोछ । मेल्लेख गाउँपालिका गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात लागु गरिने छ ।

**२.परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ।

(क) **"कार्यविधि"** भन्नाले " मेल्लेख गाउँपालिका खेलकुद विकास समिति गठन तथा कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०८० " लाई सम्झनु पर्दछ ।

(ख) **"खेलकुद विकास समिति"** भन्नाले मेल्लेख गाउँपालिकाले तयार गरेको मेल्लेख गाउँपालिका खेलकुद विकास समिति गठन तथा कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०८० को दफा ४ बामोजिमको समितिलाई सम्झनु पर्दछ ।

(ग) **"टिम,क्लब, संघ संस्था "** भन्नाले मेल्लेख गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका पालिका क्षेत्र भित्रका टिम,क्लब, संघ संस्थाहरुलाई सम्झनु पर्दछ ।

(घ) **"खेलाडी"** भन्नाले टिम,क्लब, संघ संस्थासंग सम्बद्ध खेलाडीलाई सम्झनु पर्दछ ।

(ङ) **"प्रशिक्षार्थी"** भन्नाले मेल्लेख गाउँपालिकाद्धारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्दछ ।

(च) **"प्रशिक्षक"** भन्नाले मेल्लेख गाउँपालिकाद्धारा सञ्चालित खेलकुद प्रशिक्षणमा प्रशिक्षक, टिम, क्लब,संघ संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद शिक्षक भन्ने सम्झनु पर्दछ ।

(छ) **"पालिका"** भन्नाले मेल्लेख गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ज) **"कार्यपालिका"** भन्नाले मेल्लेख गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) **"प्रमुख"** भन्नाले मेल्लेख गाउँपालिका अध्यक्ष लाई सम्झनु पर्दछ ।

(ञ) **"अधिकृत"** भन्नाले मेल्लेख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ

(ट) **"पदाधिकारी"** भन्नाले मेल्लेख गाउँपालिकाको खेलकुद विकास समितिका सम्पूर्ण सदस्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

### ३.खेलकुद विकास समितिका उद्देश्यहरुः-

क) मेल्लेख गाउँपालिकाभित्रबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिष्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गरि देशको समेत प्रतिक्ष्ठा बढाउन योगदान पर्‍याउने ।

ख) टिम,क्लब,संघसंस्था ,विषयगत खेल प्रशिक्षण समिति ,वडास्तरिय खेलकुद समितिहरुको व्यवस्थापन गरि क्षमतामा अभिवृद्धि गराउने ।

ग)गाउँपालिका अन्तरर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकको व्यवस्थापन र प्रोत्साहन गर्न ।

घ) पालिका खेलकुद विकास समिति अन्तर्रगत प्रशिक्षकहरुलाई स्तरीकरण वृद्धि गर्न तालिमको व्यवस्थापन गर्ने ।

ङ) खेलको माध्यामबाट गाउँवासीहरुको नागरिक भावना प्रति सकारात्मक सोचमा अभिवृद्धि गराउने ।

च) खेलकुदमा महिला सहभागीतामा अभिवृद्धि गर्ने र प्रोत्साहन गर्ने

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरुको तयार गरि विभिन्न सार्वजनिक संघसंस्था, विद्यालय र सरकारी निकायलाई सहभागीतामा उत्प्रेरणा जगाउने ।

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत गर्दै लैजाने ।

झ) बौद्धिक श्रम गर्ने विद्यार्थि, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायाम .गर्न सहयोग पुर्‍याउने ।

ञ) पालिकाको कला, संस्कृति र खेलकुदको विकास, प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्‍याउने ।

ट) पालिका भित्र खेलकुद संचालन गर्न तथा सम्बन्धित खेल प्रशिक्षण निकाय बिच समन्वय गरि खेल विकास गर्न सहयोग गर्ने ।

ठ) स्वस्थ प्रतिष्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी ,समाजप्रति उत्तरदायी, अनुशासित ,परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरीक तयार गर्ने ।

ड) टोल, गल्ली, चोक, सडक तथा समुदायमा स्वच्छ वातावरणको विकास गर्न खेलकुद संघ संस्थाहरुलाई परिचालन गर्ने ।

## परिच्छेद -३

## पालिका खेलकुद विकास समितिको गठन र बैठक व्यवस्थापन

४.खेलकुद क्षेत्रमा क्रियाशिल र ख्याती प्राप्त व्यक्तिहरु मध्येबाट गाउँपालिकाले देहाय बमोजिमको पदाधिकारीहरु रहने गरि ९ सदस्यीय गाउँपालिका खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

क) गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति १ जना अध्यक्ष

ख) कार्यपालिकाले तोकेको २ जना महिला सहित ५ जना सदस्य

ग) जिल्ला खेलकुद विकास समिति अध्यक्ष वा निजले तोकेको १ जना सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले सो कामको लागि तोकेको कर्मचारी १ जना सदस्य सचिब

**माथि उल्लेखित सदस्यहरुले सदस्य सचिब बाहेक समितिले आफु मध्येबाट १ जना उपाध्यक्ष नियुक्त गर्न सक्नेछन् ।**

**५.**गाउँपालिका खेलकुद विकास समितिको मुख्य संरक्षकको रुपमा गाउँपालिका अध्यक्ष रहनु हुनेछ ।

**६.**पालिका खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ४ वर्षको हुनेछ ।

७.अध्यक्षले कुनै कारणवश राजिनामा दिन चाहेमा समिति समक्ष र सदस्यले गाउँपालिका अध्यक्ष समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

८. पदावधि बाँकी रहदै कुनै कारणवश पद रिक्त हुन गएमा निज जुन प्रकारले नियुक्त भएको हो सो पदमा बाँकी अवधिको लागि सोही प्रकारले अर्को सदस्य नियूक्ती गर्नुपर्नेछ ।

९.समितिको कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनि गाउँपालिकाले ठहर गरेमा कुनै पनि सदस्यलाई हटाउन वा फिर्ता बोलाउन सक्नेछ । यसरी हटाएको सदस्यको हकमा जुन प्रकृतिबाट नियुक्ती भएको हो सोही प्रकृतिबाट नयाँ नियुक्त गर्न सक्नेछ ।

१०.समिति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहाय बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

क) १८ वर्ष पुगेको नेपाली नागरिक

ख) पालिका क्षेत्रभित्र स्थायी बसोवास भएको (सदस्य सचिब बाहेक)

ग) खेदकुद क्षेत्रमा जानकार तथा योगदान दिएको ।

घ) प्रचलित कानुनले अयोग्य नठहरिएको ।

**११. अध्यक्षको काम,कर्तव्य र अधिकारः**

क) पालिका खेलकुद विकास समितिको बैठकको अध्यक्षता ग्रहण गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायी भूमिका निर्वाह गर्ने ।

ख) खेलकुद प्रतियोगिताको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने गराउने ।

ग) जिल्ला, स्थानीय, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिकाको प्रतिनिधित्व गर्ने ।

घ) खेलकुद विकास समितिलाई आवश्यक पर्ने बजेट विनियोजनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

ङ) समितिबाट सम्पादन हुने अन्य कार्यहरुको सहजिकरण तथा सम्पादनमा सहयोग गर्ने ।

**१२. सदस्य सचिबको काम, कर्तव्य र अधिकार :**

क) खेलकुद समिति / संस्थालाई दर्ता प्रमाण पत्र प्रदान गर्ने ।

ख) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

ग) समितिलाई नीतिगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

घ) समितिका निर्णय कार्यान्वयनमा मुख्य भूमिका निवार्ह गर्ने ।

ङ) निर्णय अनुसार कोषको खर्चखाता सञ्चालन गर्ने ।

च) बैठकका लागि पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार आवश्यक विषय सूचि र सामग्रीको बन्दोबस्त मिलाउने ।

छ) बैठक निर्णय लेखन र सञ्चालनमा आवश्यक सहयोग गर्ने ।

ज) कोषको खर्च मितव्ययीता र नियन्त्रण गर्ने ।

**१३. समितिको काम, कर्तव्य र अधिकार :**

क) खेलकुद विकास समिति सदस्यको लागि आएका निवेदन  किनाराको लागि निर्णय गर्ने ।

ख) समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्द्धन गर्ने ।

ग) गाउँपालिका तथा अन्य निकायमा सम्पर्क समन्वय गर्ने ।

घ) तोकिएको अनुसूचिमा खेलकुद समिति तथा संस्था गठनमा प्रोत्साहन गर्ने ।

ङ) सम्पादन गरिने कार्यको वार्षिक कार्ययोजना तयार गरि गाउँसभामा पेशगर्न अध्यक्ष समक्ष पेश गर्ने

च) गाउँपालिका वा गाउँसभाले स्वीकृत गरेको कार्यक्रम संचालन गर्ने गराउने ।

छ) खेलकुद क्षेत्रका प्रतियोगिताहरु आयोजना गर्न सहयोग गर्ने ।

ज) खेलाडी, प्रशिक्षक र निर्णायकहरुलाई तालिम गराउने र प्रतियोगितामा भाग लिन लगाउने ।

झ) खेलकुद विषयमा विद्यालय स्तरमा छलफल  तथा अन्तक्रिया गरी शैक्षिक क्रियाकलाप संचालन गर्ने ।

ञ) खेलकुद विषयमा क्रियाशिल व्यक्तिहरुलाई सम्मानित, पुरस्कृत गर्न सिफारिस गर्ने र समितिले पनि सो कार्य गर्ने गराउने ।

ट) तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठी जस्ता कार्यक्रमको आयोजना गर्ने गराउने ।

ठ) खेल र खेलकुद क्षेत्रमा अध्ययन अनुसन्धान प्रकाशन गर्ने र खेलाडी, प्रशिक्षक र व्यवस्थापन पक्षको बारेमा कृति प्रकाशन गर्ने ।

ड) खेलकुद क्षेत्रको विकासको लागि भौतिक पूर्वाधार निमार्ण, कवर्डहल, खेल मैदान, खेलाडी उत्पादन ,प्रशिक्षक तथा निर्णायक व्यक्ति उत्पादन र स्तर वृद्धिको योजना बनाई गाउँपालिकामा पेश गर्ने ।

ढ) वडास्तर सम्म खेलकुद विकास गर्न खेलकुद विकास समिति गठन र कार्यक्रम संचालन गर्ने ।

## परिच्छेद -४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

**१४.**पालिका खेलकुद विकास समिति आफैले वा गाउँपालिकामा दर्ता भएका टिम, क्लब मार्फत विभिन्न, स्थानीय स्तर, प्रदेशस्तर, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताहरु संचालन गर्न वा गराउन सक्नेछ ।

**१५.सल्लाहकार समिति गठनः** पालिका खेलकुद विकास समितिले आवश्यकताको आधारमा सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

**१६.अन्य उपसमिति गठनः** पालिका खेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम संचालन गर्न वा कुनै खेल विशेषलाई प्राथमिकता दिई विकास गर्न उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

**१७.वडास्तरीय खेलकुद विकास समिति गठनः** पालिका खेदकुद विकास समितिले गाउँपालिका भित्रका सबै वडाहरुमा खेलकुद क्षेत्रको विकासको लागि देहाय बमोजिमको ५ सदस्यीय वडास्तरीय खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| क) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति | १ अध्यक्ष |
| ख) वडा समितिले मनोनित गरेको १ जना महिला सहित | २ जना सदस्य |
| ग) स्थानीय खेलप्रेमी /प्रशिक्षक | १ जना सदस्य |
| घ) वडामा गठित यूवा क्लव मध्यबाट छनौट गरिएको | १ जना सदस्य सचिव |

## परिच्छेद -५

## पालिका क्षेत्रभित्रका टीम, क्लब र संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

१८.मेल्लेख गाउँपालिका भित्रका टीम, क्लब, समिति र संघ संस्थाहरुलाई पालिका खेलकुद विकास समितिको उद्धेश्य, नीति, नियमलाई पालना गरि खेलकुद विकास गर्न गाउँपालिकाले तोकेको दस्तुर बुझाई दर्ता गर्नुपर्दछ ।

१९. दर्ता भएका टीम, क्लब, समितिले जुनसुकै प्रतियोगिता गर्नुपूर्व पालिका खेलकुद विकास समितिबाट स्विकृती लिनु पर्नेछ ।

२०.दफा १८ बमोजिम दर्ता भएका टीम, क्लब र समितिले बार्षिक रुपमा नविकरण समेत गर्नुपर्नेछ ।

२१.गाउँपालिकामा दर्ता भई कार्यक्रम संचालनका लागि स्विकृती लिएका टीम, क्लब, समिति र संघसंस्थाहरुलाई पालिका खेलकुद विकास समितिको उद्धेश्य अनुसार मनासिब देखिएमा खेलकुद कार्यक्रम संचालन गर्न सहयोग माग भई आएमा आयोजक समितिलाई पालिका खेलकुद विकास

समितिले उपलब्ध बजेटको सिमाभित्र रहि देहाय बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

क) वडास्तरको प्रतियोगिताको लागि बर्षमा १ पटक बढिमा रु.५,०००। देखि ५०,०००। सम्म ।

ख) पालिका स्तरको प्रतियोगिताको लागि बर्षमा १ पटक बढिमा रु.५०,०००। देखि १,००,०००। सम्म ।

ग) जिल्ला स्तरको प्रतियोगिताको लागि बर्षमा १ पटक बढिमा रु.१,००,०००। देखि १,५०,०००। सम्म ।

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि बर्षमा १ पटक बढिमा रु.१,५०,०००। देखि २,००,०००। सम्म ।

ङ) पालिकाको परिचय तथा कला संस्कृतिमा विशेष योगदान पुर्‍याउने खालका खेल प्रतियोगिता संचालनमा माग भई आएमा गाउँपालिका लाई सक्दो सहयोगका लागि सिफरिस गरी सहयोग उपलब्ध गराइनेछ ।

२२.पालिका खेलकुद विकास समितिले गाउँपालिकाको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

क) पालिका क्षेत्रभित्र खेलकुद लगायत विविध क्रियाकलापहरु संचालन गर्नेछ ।

ख) खेलकुद विकासको लागि सभा,सम्मेलन ,गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुलाई स्वागत, बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

घ) पालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, समिति र संघसंस्थाहरुको प्रतिनिधित्वको र्‍याली वा बैठकको आयोजना गर्न सक्नेछ ।

## परिच्छेद -६

## खेलकुद प्रतियोगिता व्यवस्थापन

**२३.**अन्तरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टीम, क्लब , संघसंस्था वा विद्यालय, कलेज आदिलाई सहभागी गराईनेछ ।

२३.पालिका खेलकुद विकास समितिले निर्णय गरे बमोजिम पालिका क्षेत्र बाहिर सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थाकलाई निम्नानुसारको सुविधा प्रदान गरिनेछ ।

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र यातायातका लागि हुने खर्च उपलब्ध गराईनेछ । खान बस्नको लागि खर्च गर्दा खर्च मितव्ययीता अपनाउनु पर्नेछ । पालिका भन्दा बाहिर खान बस्नका लागि प्रतिव्यक्ति रु १०००। प्रतिदिन नबढ्ने गरि खर्च उपलब्ध हुनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढिमा २ हप्ताको लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु ५००। का दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी र प्रशिक्षकलाई बढिमा वार्षिक रु.४०००। सम्मको सुविधा दिन सकिनेछ  तर खेलाडीले कुनै न कुनै खेलमा भाग लिएको हुनुपर्नेछ ।

२४. पालिका क्षेत्रभित्र संचालन हुने खेलकुद कार्यक्रममा भाग लिदा खान, बस्न प्रतिव्यक्ति प्रतिदिन रु. ५००। मा नबढ्ने गरी निर्णय गरे बमोजिम हुनेछ ।

२५. पालिका खेलकुद विकास समितिले गाउँपालिकाको स्विकृतीले पालिका क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद -७

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२६.पालिका खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तर वृद्धि गर्नको लागि आवश्यकताको आधारमा विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिईनेछ ।

२७. प्रशिक्षार्थिले प्रशिक्षणमा सहभागी हुन चाहेमा सम्बन्धित वडाको सिफारिस सहित पालिका खेलकुद विकास समितिमा निर्धारित फाराम बुझाई आवेदन दिनुपर्नेछ ।

२८. प्रशिक्षार्थिले फाराम तथा अन्य शूल्क समितिको सिफारिसमा पालिकाले तोके बमोजिम हुनेछ ।

२९ कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार पारिश्रमिक पाउने गरी बढीमा १ जना प्रशिक्षक र १ जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिनेछ ,यसरी नियूक्त भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई पालिकाले तोके बमोजिमका अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

३०.कुनैपनि खेलको प्रशिक्षण अवधि एकपटकमा बढिमा १ बर्षको लागि हुनेछ ।

३१.प्रशिक्षार्थि खेलाडीको लागि आवश्यक पर्ने सामानको हकमा व्यक्तिगत प्रयोगका सामान स्वयमले व्यहोर्नु पर्नेछ ।

३२. प्रशिक्षणमा सहभागी हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षणको उपलब्धताको आधारमा पालिका खेलकुद विकास समितिले मासिक शूल्क लिन सक्नेछ ।

३३.प्रशिक्षकले प्रशिक्षण अवधिमा आवश्यक पर्ने सामानको सूचि तयार गरी समितिमा माग गर्ने, अभिलेख राख्ने, हिफाजत गर्ने र प्रशिक्षण अवधिको प्रगति प्रतिवेदन तयार गरी खेलकुद विकास समितिमा पेश गर्नुपर्नेछ ।

३४.प्रशिक्षकले हप्ताको ६ दिन र दिनको २ घण्टा अनिवार्य प्रशिक्षण दिनु पर्नेछ ।

३५.कुनै कारणवश प्रशिक्षण कार्य बन्द गर्नु परेमा तथा पुनः संचालन गर्नुपरेमा खेलकुद विकास समितिको स्विकृती लिनु पर्नेछ ।

३६.कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरि स्वीकृत भए बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद -८

## पालिका खेलकुद विकास कोषको व्यवस्थापन

**३७.** खेलकुद सम्बन्धि तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउँपालिकामा पालिका खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३८. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ ।

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति, अन्तराष्ट्रिय संघ सस्था तथा कुनै व्यक्तिबाट प्राप्त रकम ।

ख) गाउँपालिकाबाट प्राप्त रकम ।

ग) बिभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरि संकलन भएको रकम ।

घ) खेल प्रशिक्षण अवधिभर प्राप्त आवेदन शूल्क, मासिक प्रशिक्षण शूल्क र भर्ना शूल्क ।

ङ) समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम ।

३९.कोषको संचालनका लागि बैंक खाता समितिका अध्यक्ष र सदस्य सचिबको हस्ताक्षरबाट हुनेछ र कोषको लेखा प्रणाली पालिकाको लेखा प्रणाली सरहनै हुनेछ ।

४०.कोषको रकम खेलकुद गतिविधि सञ्चालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार, आवश्यक सामाग्री खरिद र व्यवस्थापनमा खर्च गर्न सकिनेछ ।

४१. कोषको कूल आम्दानीको २० प्रतिशत भन्दा बढी रकम प्रशासनिक खर्च गर्न पाईने छैन र सो भन्दा बढी रकम खर्च गर्नुपरेमा पालिकाको स्वीकृती लिनुपर्नेछ ।

## परिच्छेद -९

## खेलकुद पूर्वाधार तथा मर्मत

**४२.**कुनै प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नुपर्नेछ ।

४३. ठूलो खालको विशेष मर्मत गर्न  सम्बन्धि प्राविधिकले लागत स्टीमेट तयार गरि मर्मत गर्नुपर्ने भएमा प्रशिक्षकको माग बमोजिम पालिका खेलकुद विकास समितिले कोषबाट मर्मत गर्नेछ तर रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने अवस्था आएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४४.खेलकुद पूर्वाधार (स्टेडियम,खेलकुद भवन, कबर्ड हल, मैदान  ट्रयाक आदी) को व्यवस्था गर्न पालिका खेलकुद समितिको निर्णय अनुसार माग भई आएमा गाउँपालिकले पूर्वाधार निमार्ण सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद -१०

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

४५.अनुशासनको कारवाहीः खेलाडी, प्रशिक्षक,प्रशिक्षार्थि, व्यवस्थापक समेतले विषयगत खेलको आचारसहिंता लगायत खेल अनुशासनमा रहनु पर्दछ । कसैले अनुशासन र आचारसहिंताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ, तर एक बर्षमा तीन पटक भन्दा बढि चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थि, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता, प्रशिक्षण, व्यवस्थापनका कार्यमा सहभागी हुन नपाउने गरि विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा गाउँ खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ ।

४६. हरेक वर्ष उत्कृष्ट खेलाडी, प्रशिक्षक , प्रशिक्षार्थि, व्यवस्थापकलाई पालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

## परिच्छेद -११
## विविध

१.गाउँपालिकाले तोकिए बमोजिमको समितिको छुट्टै छाप, लेटरप्याड र साइनवोर्ड हुनेछ ।
२. कर्मचारी तथा अन्य आवश्कताका बारेमा कार्य गर्दा गाउँपालिकासँग समन्वय गरि गर्नुपर्नेछ ।
३. गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्नेछ ।
४. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नुपर्ने भएमा वा विवाद भई अन्तिम निर्णय दिनु पर्ने भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
५.स्वीकृत बजेटको सिमा भित्र रहि खर्च गर्ने गरि समितिका पदाधिकारी र सदस्यको सुविधा र बैठक भत्ता सम्बन्धमा देहाय बमोजिम हुनेछ ।
क) गाउँ खेलकुद विकास समितिको बैठक २ महिनाको एक पटक बस्नेछ आवश्यकता परेमा जुन सुकै समयमा बोलाउन सकिनेछ ।
ख) समितिका पदाधिकारीहरुलाई बैठक बस्दा रु. १०००। का दरले नियमानुसारको कर कट्टी गरि उपलब्ध गराईनेछ ।
ग) पालिका खेलकुद विकास समितिका अध्यक्षलाई टेलिफोन, पत्रपत्रिका,यातायात र विविधि खर्च वापत मासिक रु. ५०००। का दरले भत्ता उपलब्ध गराईनेछ ,वडा स्तरीय खेलकुद विकास समिति लगायतका कार्यमा अध्यक्ष लगायत अन्य सदस्यलाई अनुगमन गर्न वा अन्य खेलकुदका कार्यको लागि खटाएका बखतको दैनिक भ्रमण भत्ता नियमानुसारको उपलब्ध गराईनेछ ।

आज्ञाले,
हिक्मत बहादुर बुढा
नि. प्रमुख प्रशासकीय अधिकृत